**सुझाव एवम् निर्देशनः-**

केन्द्रीय कारागारसहित मुलुकका विभिन्न कारागारहरूमा कोभिड-१९ को सङ्क्रमण बढ्दै गएको तथा कैदीवन्दीबाहेक अन्य सङ्क्रमितहरूका लागि होम आईसोलेसनको व्यवस्था प्रभावकारी हुन नसकेको सन्दर्भमा सङ्क्रमणको जोखिम न्युनीकरण तथा रोकथामका लागि निम्न बमोजिम व्यवस्था गर्न यस समिति नेपाल सरकार, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सुझाव एवम् निर्देश गर्दछ :

१) कैदीवन्दीलाई खुला कारागारमा राख्ने, प्यारोलमा राख्ने, प्यारोल वोर्डको गठन गर्ने, स्वास्थ्य स्थितिका आधारमा कैदीवन्दीलाई अलग अलग स्थानको व्यवस्था गर्ने जस्ता कोभिड-१९ सङ्क्रमणको जोखिम न्युनीकरण गर्न सक्ने खालका समितिको मिति २०७७ साल असार ३० गतेको निर्णय र विगतका बैठकहरूमा कैदीवन्दी व्यवस्थापनका लागि सरकारलाई दिएका सुझाव एवम् निर्देशनहरूलाई गम्भिरतापूर्वक लिई शिघ्र कार्यान्वयन गर्ने,

२) कारागारको दीर्घकालिन सुधार तथा व्यवस्थापनका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएका व्यवस्थाहरू यथाशिघ्र कार्यान्वयन गर्ने, निश्चित उमेर समुह र अवधि पार गरेका कैदीवन्दीहरुलाई तत्काल रिहाइको आवश्यक व्यवस्था गर्ने,

३) सङ्क्रमणको जोखिम भएका र नभएका कैदीवन्दीहरूलाई निर्धारीत भौतिक दुरीसहित अलग अलग स्थानमा राख्ने व्यवस्था गर्ने साथै कारागार भित्रको कैदीवन्दीको बसाईलाई विश्व स्वास्थ्य मापदण्डको पालना गर्ने गरी मिलाउने,

४) कोभिड-१९ को सङ्क्रमण न्युनीकरण तथा रोकथाम गर्न रणनीतिक योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने र समूदायस्तरमा रहेका निवृत्त स्वास्थकर्मी, जनस्वास्थविद, विभिन्न सामाजिक कार्यमा संलग्न संघसंस्थालाई  आवश्यकता अनुसार समूदायस्तरको कोभिड-१९ संक्रमणको रोकथाम तथा न्यूनीकरणको काममा परिचालन गर्ने, समूदायस्तरमा नै कन्ट्याक ट्रेसिङको कामलाई प्रभावकारी बनाउने,

५) कोभिड-१९ को सङ्क्रमण देखिएका सबै कारागारहरूका कैदीवन्दी एवम् सुरक्षाकर्मीको पि.सि.आर.परीक्षण गर्ने व्यवस्था मिलाउने र सुरक्षाकर्मीहरुमा कोरोना संक्रमणको दर उच्चरुपमा फैलिएकोले अग्रपंक्तिमा खटिने सुरक्षाकर्मीलाई पिपिई, फेसशिल्ड, ग्लोव, माक्स लगायतका अत्यावश्यक सुरक्षा सामाग्रीहरु अनिवार्य उपलब्ध गराउने व्यवस्था मिलाउने,

६) कोभिड-१९ को सङ्क्रमितहरू होम आइसोलेसनमा रहने व्यवस्थाले सबै सङ्क्रमितहरूले विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड बमोजिम होम आइसोलेसनको व्यवस्थापन गर्न नसक्ने तथा सङ्क्रमितहरूको समयमै स्वास्थ्यकर्मीहरूबाट स्वास्थ्य जाँचमा पहुँच, त्यसको निगरानी तथा अनुगमन सहज नहुने र आवश्यक स्वास्थ्य सुरक्षा सतर्कताविना नै आफूखुशी बस्दा अन्यलाई

सङ्क्रमण सर्ने जोखिम उच्च देखिएकाले होम आइसोलेसनमा बस्न सम्भव नहुने सङ्क्रमितहरूको सुरक्षित र भरपर्दो स्थानमा उपचार र व्यवस्थापन गर्न सरकारले जिम्मा लिने,

७) संकटको बेला नागरिकको जीवन रक्षा गर्नु राज्यको अनिवार्य दायित्व हो । तसर्थ नागरिकको स्वास्थ्य सुरक्षाको हकलाई मौलिक हकको रूपमा लिई कोभिड-१९ को सङ्क्रमण भएका र नभएका विरामीहरूको अलग अलग उपचारको व्यवस्था मिलाउने साथै सङक्रमित भएका विरामीहरुलाई घर पठाउदा पुनः पि.सि.आर.परीक्षण गरी नेगेटिभ नतिजा आएपछि मात्र पठाउने र सरकारको तर्फबाट सङ्क्रमितहरूको उपचारको सम्पूर्ण व्यवस्था मिलाई जनउत्तरदायी सरकारको दायित्व निर्वाह गर्ने,

८) पि.सि.आर. शुल्कमा निजी अस्पतालहरूले जथाभावी शुल्क लिएको भन्ने गुनाासो आएकाले उक्त विषयमा हाल तोकिएको मूल्यमा पुनरावलोकन गर्ने र तोकिएको भन्दा बढि शुल्क लिनेलाई अनुगमन गरी कडा कारवाहीको व्यवस्था गर्ने,

९) कोभिड र नन् कोभिड अस्पताल छुट्याई कोभिड अस्पतालहरुको बारेमा जनस्तरमा पर्याप्त सुचना संप्रेषण गर्ने, औषधी लगायतका स्वास्थ्य सामाग्रीलाई सर्वशुलभ हुनेगरी मिलाउने,

१०) स्वास्थ्यकर्मीहरुमाथि दुर्व्यवहार गर्ने र स्वास्थ्य सेवा उपचार नदिने सम्वद्द जो कोही व्यक्ति एवं निकायलाई कारवाहीको दायरामा ल्याउने,

११) संघ, प्रदेश र स्थानीय तहबीच प्राविधिक, वित्त व्यवस्थापन, आईसोलेसन निर्माण, कन्ट्याक ट्रेसिङ लगायत अत्यावश्यक कामका लागि आवश्यक समन्वय गर्ने, कन्ट्याक ट्रेसिङको कार्यलाई व्यापक बनाउने, स्वास्थ्य परिक्षणको लागि घुम्तीसेवा सञ्चालनको समेत व्यवस्था गर्ने,

१२) गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयबीच आवश्यक सहकार्य र समन्वय कायम गरी कोभिड -१९ नियन्त्रण र रोकथामलाई थप प्रभावकारी बनाउने,

१३) महामारीको समयमा स्वास्थ्य सामाग्री सहितका अन्य क्षेत्रहरुमा हुन सक्ने कालाबजारी रोक्न बजार अनुगमन गरी त्यस्तो कार्यमा संलग्न जो कोहीलाई कडा कारबाही गर्ने,

१४) कोभिड-१९ सङ्क्रमण बारे विभिन्न भ्रमात्मक प्रचार प्रसारहरुका सम्बन्धमा सरकारले आधिकारीक धारणा स्पष्ट गर्ने ।